# चिनियाँ अदुवा नेपाली बनाएर भारत निकासी

भूषण यादव

वीरगन्ज, पुस २५ - नेपाल-भारतबीचको विशेष व्यापार सन्धिको फाइदा उठाउँदै तस्करी हुने चिनियाँ सामानको सूचीमा अदुवासमेत थपिएको छ । नेपाली उत्पादन भन्सार नतिरी भारत निकासी गर्न पाइने हुँदा वीरगन्ज नाका वरपर चिनियाँ अदुवा 'नेपालमा बनेको' लेभल लागेको बोरामा राखेर भारत निकासी हुन थालेको छ । यसमा वीरगन्ज उद्योग वाणिज्य संघले नेपालमा बनेको प्रमाणपत्र जारी गरिदिएर कालोबजारीलाई प्रश्रय दिन थालेपछि सुपारी र लसुनजस्तै अदुवाको भारतमा निकासी पनि रोकिने खतरा बढेको छ । 'भारतले नेपालमा बनेका उत्पादनलाई मात्रै शून्य भन्सार दरमा आयात गर्न दिएको हो, चिनियाँलाई पनि नेपाली भन्दै पठाउन थालेपछि अदुवा पनि रोकिने खतरा बढेको छ, जसले नेपाली कृषक मर्कामा पर्ने छन्,' अन्तर्राष्ट्रिय व्यापारविद् रत्नाकर अधिकारीले भने, 'यसमा सरकार र व्यापारी मात्रै होइन, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय पनि संवेदनशील हुनुपर्छ ।' वीरगन्ज भन्सार कार्यालय वरपर चिनियाँलाई नेपाली अदुवा बनाउने गोदाम छन् । एउटा ट्रकबाट ओरालेपछि कामदारले गोदाममा लगेर बोरा परिवर्तन गरी सँगै रहेको अर्को ट्रकमा लोड गर्छन् । वीरगन्ज भन्सारबाट दैनिक १० ट्रक चिनियाँ अदुवा नेपाली बनेर भारत निकासी हुने गरेको तथ्यांकले देखाएको छ । तीन दर्जन हाराहारीमा कार्यरत कामदारले आधा घन्टाको अवधिमा लोड अनलोड गरिसक्छन् । गोदामभित्र छिर्दा बोरामा चीनमा उत्पादन भएको अदुवा लेखिएको थियो भने बाहिर निस्कँदा नेपाली उत्पादन भइसकेको थियो ।सन् १९९६ मा भएको नेपाल- भारत सन्धिअनुसार एक अर्का देशको कृषिजन्य उत्पादनमा भन्सार नलाग्ने व्यवस्था गरिएको छ । तर त्यसका लागि कम्तिमा निर्यात हुने वस्तुको मूल्यको ३० प्रतिशत मूल्य अभिवृद्धि नेपालमा भएको हुनुपर्छ । अर्थात १ सय रुपैयाँको सामान निकासी गर्ने हो भने उक्त वस्तु उत्पादन गर्दा ३० रुपैयाँ बराबरको श्रम, ज्याला वा कच्चा पदार्थ नेपाली नै हुनुपर्छ । कृषिजन्य उत्पादन चीनबाट ल्याएर सोझै भारत पठाउन पाइँदैन । अन्य उत्पादनको हकमा पनि कच्चा पदार्थ ल्याएर यहाँ बनाएर पठाउँदा मूल्य अभिवृद्धि नभई सामान निकासी भए भारतले परिमाणात्मक बन्देज लगाउने वा पूरै आयात बन्द गर्न सक्छ । 'भारतका किसानले विरोध गरे सीधैं रोकिन सक्छ,' अधिकारीले भने । लसुन र सुपारीभन्दा अघि सन् २००२ मा वनस्पति घिउ, एक्रेलिक यार्न, कपर वायर र जिंक अक्साइडमा कोटामार्फत परिमाणात्मक बन्देज लगाइदिएको थियो । मूल्य अभिवृद्धि भए नभएको पुष्टि गर्ने निकाय उद्योग वाणिज्य संघहरु हुन् । उनीहरुले उत्पत्तिको प्रमाणपत्र जारी गर्छन् । यसरी नेपाली उत्पादनलाई प्रवर्द्धन गर्नुपर्ने निकायले नै विदेशीलाई नेपाली भनेर छाप लगाउन थालेपछि भारतमा नेपाली उत्पादनले बजार गुमाउँदै गएका छन् ।

सीमावर्ती सहर वीरगन्जमा आधा दर्जन व्यवसायीले तेस्रो मुलुक (चीन) बाट अदुवा ल्याई बोरा मात्र बदलेर भारत निर्यात गर्दै आएका छन् । नेपाल संसारमा चौथो ठूलो अदुवा उत्पादक देश हो । 'गाउँघरमा किसानका उत्पादन खेर गइरहेका बेला यसरी चिनियाँ अदुवा निकासी हुनु मुलुक र किसानका लागि ठूलो दुर्भाग्य हो,' अधिकारीले भने । भारतको आन्तरिक उत्पादनले बजारको माग पूर्ति नहुने र चीनबाट सीधैं भारत अदुवा आयात गर्दा भन्सार महँगो पर्ने भएकाले सीमावर्ती क्षेत्रका व्यवसायीले कम ढुवानी खर्चमै सस्तो भन्सार महसुलमा त्यसलाई भारत निर्यात गर्दै आएका छन् । चीनबाट भारत अदुवा आयात गर्दा करिब ६० प्रतिशत भन्सार महसुल लाग्छ । नेपाल आयात गर्दा जम्मा १० प्रतिशत भन्सार तिर्नुपर्छ । यसरी १० प्रतिशत मात्रै तिरेर नेपाल आएको अदुवा बिना कुनै भन्सार भारत जान पाउँछ । यसबाट कालाबजारीलाई सोझै ५० प्रतिशत फाइदा हुन्छ । नेपालबाट भारत निर्यात गर्दा प्रज्ञापनपत्रको शुल्क भनेर जम्मा ६ सय ७८ रुपैयाँ मात्रै लाग्ने भन्सार प्रवक्ता लक्ष्मण श्रेष्ठले जनाए । भारतमा चीनको अदुवा निकासी गर्दा प्रतिट्रक ४ लाख ५० हजार आम्दानी हुने गरेको सम्बद्ध व्यवसायी बताउँछन् । चालू आर्थिक वर्षको मंसिरसम्म वीरगन्ज नाकाबाट १८ करोड ७ लाख रुपैयाँको अदुवा चीनबाट आयात भएको छ । नेपाली अदुवाको मुख्य बजार भारत हो ।

व्यवसायीले चीनबाट सस्तोमा अदुवा आयात गरेर भारत निर्यात गर्दा नेपाली किसानले आफ्नो उत्पादनको उचित मोल नपाएको गुनासो गर्दै आएका छन् । 'तेस्रो मुलुकबाट आयात भई भारतमा अवैध निकासी बढेर मुलुकको विदेशी मुद्रा सञ्चितिमा नकारात्मक असर पार्ने वस्तुमा अब अदुवा पनि थपिएको छ,' एक उद्योगीले भने । व्यवसायीले नेपाली उत्पादनको उत्पत्तिको प्रमाणपत्र बनाई चीनको अदुवा भारत पठाएको सूचनाको आधारमा ३ वटा गोदाम प्रहरीले मगंलबार सिलबन्दी गरेको छ ।

चार वटा ट्रकमा लोड भएको अदुवा नियन्त्रणमा लिएको छ । प्रहरी उपरीक्षक पीताम्बर अधिकारीले गोदाममा चीनबाट आयात गरिएका अदुवा ठूलो परिमाणमा बरामद भएको बताए । उनले कुनै पनि अवैध कारोबार मुलुकका लागि लाभदायक हुन नसक्ने बताए ।